# सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड

बालुवाटार, काठमाडौं

## १७औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०९/०७ गते)**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०८०/०९/०६ गते शुक्रबार दिउँसो १४:३० बजे बसेको सञ्चालक समितिको १४२औं बैठकको निर्णय बमोजिम आ.व.२०७९/०८० को १७औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नुपर्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीत पूर्वक प्रतिनिधि मुकरर गरी पठाईदिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**

**मिति** : २०८० साल पौष २९ गते आइतबार (तदअनुसार १४ जनवरी, २०२४)

**समय** : बिहान ९:०० बजे ।

**स्थान** : डेलिस ओपेरा रेष्ट्रो एण्ड व्याङ्क्वेट, बालुवाटार, काठमाडौं ।

**वार्षिक साधारण सभाको विषयसूची**

१. सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०७९।०८० को वार्षिक आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

२. आ.व. २०७९।०८० को लेखापरीक्षकको प्रतिवेदन र सोही आ.व.को वार्षिक वित्तीय विवरण अन्तर्गत वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित सम्पूर्ण अनुसूचिहरु स्वीकृति गर्ने सम्बन्धमा ।

३. आ.व. २०८०।०८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारीश्रमिक तोक्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक पिवाईसि एण्ड एसोसियट्सका साझेदार यज्ञराज भट्ट, चाटर्ड एकाउन्टेन्स पुनः नियुक्तीका लागि योग्य हुनुहुन्छ ।)

४. विविध ।

## साधारणसभा सम्बन्धी अन्य जानकारी :

१) सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले आ-आफ्नो D-MAT खाताको विवरण वा शेयरधनी प्रमाण पत्रको प्रतिलिपिको साथमा स्पष्ट परिचय खुल्ने परिचयपत्र अनिवार्य रुपमा लिई आउनुहुन अनुरोध गरिन्छ ।

२) कम्पनीको शेयर दाखेल खारेज गर्ने कार्य (Book Close) मिति २०८०।०९।१९ गते एक दिन बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८०/०९/१८ गतेसम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमई क्यापिटल लि. नक्साल, काठमाडौंबाट प्राप्त शेयर दाखिल खारेजको आधारमा शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरुले मात्र यस सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् ।

३) सभामा भाग लिन प्रतिनिधि (प्रोक्सि) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समय भन्दा ४८ घण्टा अगाडी कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रतिनिधी पत्र दर्ता गराउनु पर्नेछ । प्रतिनिधी भएको व्यक्ति शेयरधनी हुनु पर्नेछ । तर सभामा प्रतिनिधि दिने व्यक्ति स्वयं आफू उपस्थित भएको खण्डमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ । एकै शेयरधनीको एक भन्दा बढी प्रतिनिधि पत्रलाई मान्यता दिइने छैन, सबै बदर गरिनेछन् । प्रतिनिधि नियुक्त गर्ने फारम कम्पनीको रजिष्टर्ड कार्यालय वा बेबसाइट www.synergyhydro.com बाट प्राप्त गर्न सकिनेछ ।

४) संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ । संयुक्त रुपमा शेयर लिएको शेयरधनीको हकमा सर्वसम्मत एक व्यक्ति मात्र सभामा भाग लिन पाउनेछ ।

५) साधारणसभामा भाग लिन आउनुहुने शेयरधनीहरुको हस्ताक्षरको लागि उपस्थिति पुस्तिका बिहान ८:०० बजेबाट खुल्ला गरिनेछ ।

६) विविध शीर्षकमा छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगाडि छलफलको विषय सहितको निवेदन कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराएको हुनुपर्नेछ । उक्त प्रस्ताव उपर सभामा छलफल गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिमा निहित रहने छ ।

७) कम्पनीको वार्षिक साधारण सभाको सूचना, वार्षिक प्रतिवेदन, वित्तीय विवरण आदि शेयरधनी महानुभावहरुलाई यथा समयमा उपलब्ध गराइनेछ । सो हुन नसकेको खण्डमा कम्पनीको बेबसाइट www.synergyhydro.com वा रजिष्टर्ड कार्यालयको फोन नं. ०१–४५१३२१२ मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

**सञ्चालक समितिको आज्ञाले,**

**कम्पनी सचिव**